

निःशुल्क ज्योती जागरण दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
Jyotidainik.com

सत्य तथ्य र निष्पक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९



N.M.C. No:.7296
डा. राकेश तिवारी
एम.वी.वी.एस. ( सि.एम.एस./के.यु. )
एम.डी. ( इन्टरनल मेडिसिन )
वि.पी.के.आई.एच.एस., धरान
Consultant Physician
वरिष्ठ कन्सलटेन्ट फिजिसियन
सम्पर्क स्थान:- राजदेवी फार्मेसी
विर्ता-५, वीरगंज, मो नं.- ९८५२८३२१२६, ९८१२२२४१०६



वर्ष: ४ | अंक : २४६ | वि.सं. २०८१ चैत २७ बुधबार | 09 2025 Wednesday, APR | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ


## छोरीमाथि बलात्कार गरी भिडियो खिचेर राख्ने बुवा पक्राउ



वीरगञ्ज । आफ्नै छोरीमाथि बलात्कार गर्दै भिडियो खिचेर राख्ने एक जनालाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ। आफ्नै छोरीमाथि बलात्कार गरेर बाल यौन शोषण सामग्री (सीएसएएम) समेत आफ्नो जिमेल खाताको गुगल ड्राइभमा राख्ने व्यक्तिलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको हो ।

पर्सा प्रहरीका अनुसार राष्ट्रिय हराइरहेका तथा शोषित बालबालिका केन्द्र (एनसीएमईसी) बाट प्राप्त साइबर टिपलाइन प्रतिवेदन मार्फत साइबर ब्युरो काठमाडौं भोटाहिटीमा सूचना आएपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो ।

सो क्रममा क्रममा शङ्कास्पद व्यक्तिको मोबाइल नम्बरहरू (९८०५३७१४१०, ९७०४७५५०२६, ९८२७५४६६०१) र जिमेल खाता प्रयोग भएको पत्ता लागेको थियो ।

अनुसन्धान गर्दै जाँदा जिल्ला ३४ छपकैया (प) २०८१/०८२ (नाम थर परिवर्तन) ले आफ्नै छोरीलाई बाल यौन शोषण सामग्री देखाएर बलात्कार गरेको र उक्त घटनाको भिडियोसमेत गुगल ड्राइभमा सङ्ग्रह गरेको खुलासा भएको पर्सा प्रहरीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक (डिएसपी) किशोर लम्सालले जानकारी दिए ।

डिएसपी लम्सालका अनुसार साइबर ब्युरो भोटाहिटी काठमाडौं र जिल्ला प्रहरी कार्यालय पर्साको संयुक्त टोलीले मिति चैत २२ गते दिउँसो ३ बजेको समयमा जिल्ला ३४ छपकैया (प) २०८१/०८२ लाई बाल यौन शोषण सामग्रीसहितको भिडियो भएको मोबाइलसहित नियन्त्रणमा लिएको थियो । पक्राउ परेका व्यक्तिविरुद्ध बलात्कारसम्बन्धी अपराध र विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत मुद्दा दायर गरिएको छ उनले बताए ।

पर्सा प्रहरीको नियन्त्रणमा रहेका अभियुक्तलाई पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर प्रहरीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## पर्सा जिप्रकामा सेवाग्राहीको भीड

**कृष्णा कुशवाहा**

**पर्सा ।** जिल्ला प्रशासन कार्यालय पर्सामा सेवाग्राहीको भीड बढेको छ। नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी बनाउने लगायत प्राशासनिक कामका लागि सेवाग्राहीको भीड लाग्न थालेको हो। बिहानैदेखि सेवाग्राही लाइनमा बसेर पालो कुरिरहेको देख्न सकिन्छ। लामो समयदेखि रोजगारीको सिलसिलामा छिमेकी मुलक भारत तथा नेपालको विभिन्न शहरमा र काठमाडौं लगायत विभिन्न ठाउँमा अध्यनका लागि गएका विद्यार्थी घर फर्केसँगै विभिन्न कामको लागि जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको भीड लाग्न थालेको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए।



पहिलो समयमा सेवा लिनेको सङ्ख्याभन्दा अहिले सेवाग्राहीको सङ्ख्या बढेको उनको भनाइ थियो। सेवाग्राहीको भीड बढे पनि कार्यालयले आधा घण्टामै सेवा प्रदान गरिरहेको छ।

कर्मचारी अभाव हुँदा पनि आएका सेवाग्राहीलाई ३० मिनेटमै सेवा प्रदान गर्न थालेपछि प्रशासनमा लाग्ने भीडभाडसमेत कम हुँदै गएको उनले बताए ।सेवाग्राहीले आवश्यक सम्पूर्ण कागजात पुऱ्याए ३० मिनेटमै सेवा प्रदान गरेर पठाउने गरेको प्रजिअ अर्यालले बताए ।खास गरी अहिले राष्ट्रिय परिचय पत्र बनाउने शाखामा भीड बढी लाग्ने गरेकोले ६ वटा स्टेशनबाट सेवा प्रभाव भइरहेको छ ।

भोलिदेखि २ वटा स्टेशन थप गरी ८ वटा स्टेशनबाट सेवा प्रभाव गर्दा भीड कम हुने उनले बताए । राष्ट्रिय परिचय पत्र बनाउने शाखामा मैले आफ्नो कर्मचारी पठाउन नमिल्ने भएको हुँदा अलि भीड बढेको हो । राष्ट्रिय परिचय पत्र बनाउने कार्यमा केन्द्रबाट नै कर्मचारी आउने भएकोले भोली सम्म उहाँहरूले आउने योजना सँगै कार्य अघि बढाइएको छ ।

कर्मचारीको अभावमा समेत जिल्ला प्रशासन कार्यालयले ३० मिनेटमै सेवा प्रदान गर्न थालेपछि टाढा टाढाबाट आएका नागरिकलाई निकै सहज भएको छ। जिल्लामा एक मात्र इलाका छ ।राष्ट्रिय परिचय पत्र बनाउने शाखाले बिहान ७ बजे देखि बेलुका ७ बजेसम्म सेवा दिँदै आएको छ। राष्ट्रिय परिचय पत्र बनाउने कार्य बन्द हुने सूचना पाएसँगै एक्कासी भीड बढेको प्रमुख अर्यालले बताए। तर यो हालको लागि १२ घटना दिँदै आइएको हुने बताए ।

## वीरगन्जको राज पार्टी प्यालेसले कर छल्न दर्ता नभएको तीन वटा संस्थाको बोर्ड लगाए




वीरगन्ज । पर्सा जिल्लाको बिरगंज स्थित बस पार्कबाट प्रभु होस्पिटल जाने बाटोमा संचालन गरिएको बि. एण्ड बि. ले बेचे पछि तीन वटा नामले संचालन गरेको देखिएको छ ।राज पार्टी प्यालेस एण्ड बार , जय होटेल र चौधरी क्याफे एण्ड बार गरि तीन वटा नामको बोर्ड झुन्डिएको देख्दा कर छल्नको लागि गरिएको हुन सक्ने देखिएको हो ।

करिब एक बर्ष अगाडि जय होटेलको नामले नेपाली काङ्ग्रेसका नेता अजय दुवेदीले धुमधामका साथ उद्घाटन गर्नु भएको थियो । तर कुन नामले दर्ता गराइएको हो ? दर्ता भएको पनि छ कि छैन नेता दुवेदीलाई पनि थाहा नहुन सक्ने अनुमान सजिलै गर्न सकिन्छ ।

यसरी अग्रज एवम् समाजसेवीहरु सङ्ग कुनै पनि संघ संस्था उद्घाटन गर्न लगाउदा संचालकले नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता प्रक्रिया पूरा गरि मात्रै बोलाउनु पर्ने हो तर नाम नै बदनाम हुने गरि तीन वटा संस्थाको बोर्ड राखी उद्घाटनमा बोलाउनु उचित नरहेको देखिन्छ ।बारा जिल्लाको कोल्हबी नगरपालिका वडा नम्बर ११ बेलवा गाउँमा बस्ने रनबिर अधिकारीले राज पार्टी प्यालेस नामले संचालनमा ल्याएको छ भने चौधरी क्याफे र जय होटेल उनको काका गोबिन्द्र अधिकारी र मामाले संचालनमा ल्याएको हुन सक्ने काम गर्ने स्टाफहरु बताउछन् ।

त्यस भवनमा संचालनमा ल्याएको होटेलले यौन धन्दा र जुवा तास खेलाई रहेको समाचार विभिन्न सन्चार एवम् पत्रपत्रिकामा प्रकाशित भइसकेको छ ।

आन्तरिक राजस्व कार्यालय पर्सा, वीरगन्ज महानगरपालिका, होटेल व्यावसायि संघ लगायत पर्साका प्रशासन पनि यस बिषयमा अनभिज्ञ रहेको बुझिएको छ । दर्ता र लाइसेन्स लगायतको कागजात चुस्त र दुरुस्त रहेको नरहेको काम सम्बन्धित निकायको रहेकोले अनुगम टोलिको पनि मिलोन्मतो हुन सक्ने जानकारहरुको भनाई रहेको छ ।

होटेल लज व्यबसाय गर्न कम्पनी रजिस्टार कार्यालय काठमाडौंमा दर्ता गराई सम्बन्धित जिल्लामा रहेको घरेलु उद्योग र पालिका तथा वडामा दर्ता गराई मात्रै संचालनमा ल्याउने प्रकृया रहेको छ। भुलचुकले संचालनमा ल्याए पनि ३ महिना अवधिको भित्रमा सम्पुर्ण प्रकृया पूरा गर्न समेत मौका दिइएको हुन्छ तर बर्षौ बित्दा पनि प्रकृया पूरा नगरेको ती संचालकहरु माथी आरोप रहेको छ।

## राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्रै हो : प्रधानमन्त्री




सिरहा । प्रधानमन्त्री केपी शर्मा ओलीले राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्र भएको बताएका छन् ।सिरहा सदरमुकाममा नेकपा ( एमाले) को ११ औं जिल्ला अधिवेशनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने कुरा यही चैत १५ गतेको उनीहरूको क्रियाकलापले स्पष्ट पारिसकेको उल्लेख गर्दै नेपाली जनताले राजतन्त्रलाई नस्विकार्ने बताए ।'राजतन्त्र फर्किन्छ भन्ने कुरा राति देखेको सपना पनि होइन, दिउँसै देखेको सपना हो । यो कुनै काम लाग्दैन । चैत १५ गतेको उनीहरूको क्रियाकलापले त्यो सपना भङ्ग भइसक्यो', प्रधानमन्त्री ओलीले भने, 'राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने नेपाली जनताले देखिसके । त्यस्ताको हातमा शासन गयो भने देशमा के हुन्छ होला ? तर, जानेवाला छैन। म आम नेपाली जनतालाई ढुक्क रहन आग्रह गर्दछु ।'

व्यक्तिको घरघरमा गएर आगो लगाउने, औषधि निर्माण कम्पनीमा आगो लगाउने, सञ्चारगृहमा आगो लगाउने, भित्र मान्छे थुनेर आगो लगाएर मार्ने, लुटपाट मञ्चाउनेजस्ता विध्वंसकारी तथा अराजक तत्त्वलाई कुनै हालतमा स्वीकार गर्न नसकिने प्रधानमन्त्री ओलीले स्पष्ट पारे ।

सरकारको ध्यान सुशासन, विकास र समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्दै


***बाँकी तेश्रो पृष्ठमा***


## कलैयामा सेनिटरी प्याड खरिद घोटाला, पाँच जनाविरुद्ध विशेष अदालतमा आरोपपत्र

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको आरोपमा बाराको कलैया उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रह्लादप्रसाद बर्णवालसहित पाँच जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।आयोगले मंगलबार कलैया उपमहानगरपालिकाका शिक्षा अधिकृत विजय अधिकारी, जिन्सी प्रमुख राजेश ठाकुर र लेखा अधिकृत दिव्या सर्राफविरुद्ध पनि मुद्दा दायर गरेको हो ।

कलैया उपमहानगरपालिकाका कर्मचारीहरुले आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ का लागि सेनिटरी प्याड खरिदमा सागर वी फर्मा तथा उक्त फर्माका प्रोप्राइटर विमलेश साहसँगको मिलोमतोमा भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सहसचिव राजेन्द्रप्रसाद पौडेलले जानकारी दिए ।उनका अनुसार सेनिटरी प्याड खरिद गर्दा सार्वजनिक खरिद नियमावली एवं सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि पालना नगरी २०७७ मंसिर १९ को टिप्पणी


***बाँकी तेश्रो पृष्ठमा***



### छिपहरमाई गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय
### भिस्वा, पर्सा
### मधेश प्रदेश, नेपाल




(सुचना प्रकाशित मिति: २०८१/१२/२७)

### सूचना ! सूचना !! सूचना !!!

छिपहरमाई गाउँपालिका पर्साको लागि सेवा करारमा विज्ञापन नं. ०७/०८१/०८२ (क्षयरोग मुक्त कार्यक्रम संयोजक), ०८/०८१/०८२ (हेल्थ असिस्टेन्ट), ०९/०८१/०८२ (अ.न.मी.) र १०/०८१/०८२ (अ.हे.व. )पदहरुमा भर्ना गर्नुपर्ने मिति २०८१/१०/२२ गते भएको सूचनामा भूलवस छनौटको किसिममा प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन तथा अन्तर्वार्ता मात्र भएको हुँदा छनौटको किसिममा लिखित परिक्षा मिति २०८२/०१/०४ गते बिहान ११:०० बजे देखि र अन्तरबार्ता मिति २०८१/०१/०७ गते विहान ११:०० बजे देखि हुने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकिय
अधिकृत